☎: ०७१-५६०२३०

# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल

प.सं.: २०७६/७७
च.नं.: ३६२१

मिति: २०७७/०१/०८

**विषय: तरकारीको विउको माग संकलन सम्बन्धमा ।**

श्री तिलोत्तमा नगरपालिका
सबै वडा कार्यालयहरु ।

विश्व महामारी कोभिड १९ का कारण देशमा बन्दाबन्दी (लक डाउन) स्थिति लम्बिंदो छ । कृषि कर्म निरन्तर नभएमा उत्पादन ठप्प भई भोकमरी तथा कुपोषणको अर्को महामारीको सामना गर्नु पर्ने अवस्था आउन सक्छ । त्यस्तो विकराल अवस्थाको सामना गर्ने एक मात्र उपाय अन्ततोगत्वा कृषि पेशा नै हो । तरकारी वाली छोटो अवधिमा तयार हुन्छ र उत्पादकत्व पनि बढि हुन्छ । आफ्नो वासस्थान सेरोफेरो र छिमेकमा प्रसस्त बाँझो जग्गा यत्तिकै रहेको विद्यमान अवस्थामा ती बाँझा जमिन समेत उपयोग हुन सकेमा स्वास्थ्य, आम्दानी र वातावरणीय हिसावले अनुकरणीय हुने देखिन्छ । यस नगरपालिकामा व्यावसायिक रुपमा प्राङ्गारिक तरकारी खेती गरेमा आयात प्रतिस्थापन गरी आत्म निर्भर वन्ने मात्र नभई निर्यात प्रबर्द्धन गरी अर्थोपार्जनमा समेत टेवा पुग्ने बलियो सम्भावना छ । यति बेला यहाँ तपसिलका तरकारी वाली लगाउन सकिन्छ । अत: हरेक कृषकले ऐच्छिक तरकारी वाली लगाई आफूलाई आवश्यक पर्ने तरकारी आफैं उत्पादन गरी स्वावलम्बी हुन र बचेको तरकारी बेचेर आय आर्जनमा बृद्धि गर्न अनुरोध गर्दै आफ्नो वडामा तत्काल लगाउन के कति तरकारीको विउ आवश्यक पर्ने हो ? भए सम्म वडा स्तरीय कृषि समिति (संजाल) नभए टोल विकास संस्था मार्फत माग संकलन गरी वडा भित्र खाँचो पर्ने एक मुष्ट माग यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र आवश्यक विउ व्यवस्थापन, समन्वय र सहजीकरणकालागि तपसिल अनुसारको ढाँचामा भरी वडा कार्यालयको पत्रसाथ यस कार्यालयमा पठाउनु हुन अनुरोध गरिन्छ ।

तपसिल:

| वाली | लगाउन सकिने समय | प्रति कठ्ठा खेतीका लागि चाहिने वीउ (ग्राम) | आवश्क पर्ने विउ (ग्राम) | माग गर्ने संस्था/ टोलको नाम | संपर्क व्यक्तिको नाम र संपर्क नं. |
|---|---|---|---|---|---|
| लहरे वाली | माघ–जेठ | | | | |
| काक्रा | | ६० | | | |
| घिरौला | | ६५ | | | |
| लौका | | ६५ | | | |
| फर्सी | | ५० | | | |
| करेला | | ६५ | | | |
| बोडी | | १४०० | | | |
| रामतोरीया | माघ–असार | ६०० | | | |
| मूला ४० दिने | फागुन–असार | ३५० | | | |
| रायो खुमल चौडा पाते | चैत–साउन | ७ | | | |
| धनिया | वर्ष भरी | १२०० | | | |
| लट्टे साग | फागुन–असार | १० | | | |

२०७७/०१/०८
...धव प्रसाद शर्मा
...सकीय अधिकृत

मणिग्राम, रुपन्देही, ५ नं. प्रदेश, नेपाल, फोन नं. ०७१-५६०२३०, फ्याक्स ................
इमेल: tilottamamun@gmail.com. वेभसाइट www.tilottamamun.gov.np

Scanned with CamScanner